# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९)　　खैरहनी, भाद्र ४ गते, २०८२　　(संख्याः ५


## भाग ३

## खैरहनी नगरपालिका

# विपन्न बालबालिका पोषण अनुदान कार्यविधि २०८०

प्रमाणिकरण मितिः २०८०/०६/१७ गते

प्रथम संशोधन मितिः२०८२/०५/०४ गते

**प्रस्तावना**

नेपालको संविधानमा उल्लिखित खाद्य र पोषण सम्बन्धी मौलिक हकको सुनिश्चित गर्न तथा दुई वर्षसम्म बालबालिकाको मस्तिष्कको विकास असी प्रतिशत *तथा पाँच वर्ष सम्ममा १००% ** भइ सक्ने तथ्यलाई मध्यनजर गर्दै आर्थिक रूपमा विपन्न *पाँच** वर्षमुनिका बालबालिकाको पोषणमा सुधार ल्याइ भविष्यमा नगरको चौतर्फी विकासमा योगदान पुर्याउन सक्ने सक्षम जनशक्ति विकास गर्न पोषण अनुदान दिन वाञ्छनीय देखिएकोले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकले यो कार्यविधी जारी गरेको छ।

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भिकः**

(१) यस कार्यविधिको नाम “ विपन्न बालबालिका पोषण अनुदान  कार्यविधि २०८०” रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “अनुदान” भन्नाले विपन्न बालबालिका पोषण अनुदानलाई बुझ्नुपर्दछ ।

(ख) “नगर उप-प्रमुख” भन्नाले खैरहनी नगरपालकाको उप-प्रमुखलाई बुझ्नुपर्दछ ।

(ग) “नगर प्रमुख” भन्नाले खैरहनी नगरपालिकाको प्रमुखलाई बुझ्नुपर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नुपर्दछ ।

(ङ) “लक्षित समूह” भन्नाले विपन्न परिवारको ६ महिनादेखि ५* वर्षसम्मका बालबालिकालाई बुझ्नुपर्दछ ।

(च) “विपन्न परिवार ” भन्नाले दुइ कठ्ठा भन्दा कम जग्गाको स्वामित्व रहेको, कुनै रोजगारी वा स्वरोजगारी व्यवस्था नभएको, *निजी सवारी साधनको स्वामित्व नभएको** परिवारलाई बुझ्नु पर्छ ।

(छ) “स्थानीय तह” भन्नाले खैरहनी नगरपालिकालाई बुझ्नुपर्दछ ।

(ज) “स्वास्थ्य शाखा” भन्नाले खैरहनी नगरपालिकाको स्वास्थ्य शाखालाई बुझ्नुपर्दछ ।

## परिच्छेद–२
## उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः-** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछन्

(क) आर्थिक अवस्था कमजोर भएकै कारणबाट कुनैपनि बालबालिकालाई कुपोषित हुन नदिने ।

(ख) भविष्यमा नगरको चौतर्फी विकासको लागि सक्षम जनशक्ति विकास गर्ने ।

(ग) खाद्य र पोषण सम्बन्धी नगरबासीको मौलिक हकको सुनिश्चित गर्ने ।

## परिच्छेद–३
## पोषण स्याहार अनुदानमा आबद्धता सम्बन्धी व्यवस्था

**४. पोषण आहार अनुदानमा आबद्ध हुने बिधीः-**

(१) विपन्न परिवारको लक्षित समूहमा पर्ने घर परिवारले आफू स्थायी बसोबास गर्ने वडा कार्यालयमा अनुसूची १ को ढाँचामा कार्यक्रममा आबद्धताको लागि निवेदन दिनु पर्नेछ।

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि निवेदनमा उल्लिखित व्यहोराको आधिकारिकता विषयमा वडा कार्यालयले *वडा समितिको बैठकबाट** छानबिन गरि यस कार्यविधिमा तोकिएको ढाँचामा नगरपालिकाको कार्यालयमा हरेक महिनाको १० गते भित्र पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणमा दफा ५ बमोजिमको समितिले दफा ६ को उपदफा (१) बमोजिमको मापदण्डका आधारमा पोषण आहार अनुदान कार्यक्रममा आबद्ध गर्नको लागि सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका बालबालिकालाई पोषण आहार अनुदान कार्यक्रममा आबद्ध गर्न आवश्यक प्रक्रिया स्वास्थ्य शाखाले पुरा गर्नेछ।

**५. पोषण आहार अनुदान सिफारिस समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः-**

(१) प्राप्त निवेदन अनुसार जाँचबुझ गरि पोषण अनुदान कार्यक्रममा आबद्धताको लागि सिफारिस गर्न तपसिल बमोजिमका पदाधिकारी रहेको एक पोषण अनुदान सिफारिस समिति गठन हुनेछ -

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | – संयोजक |
| (ख) | नगर उप-प्रमुख | – सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | – सदस्य |
| (ङ) | स्वास्थ्य शाखा प्रमुख | – सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित वडाबाट सिफारिस भइ आएका निवेदनमा छानबिन गर्ने।

(ख) प्राप्त निवेदनका आधारमा पोषण आहार अनुदान कार्यक्रममा आबद्ध गर्न सिफारिस गर्ने।

(ग) विवरण ढाँटी पोषण अनुदान कार्यक्रममा आबद्ध भएको पाइएमा आवश्यक कारबाहीको लागि सिफारिस गर्ने।

(घ) समितिको बैठक कम्तीमा महिनाको १ पटक बस्नेछ।

(ङ) समितिको बैठकमा कुनै विज्ञको आवश्यकता भएमा आमन्त्रण गर्न सक्नेछ।

(च) समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

**६. पोषण अनुदान कार्यक्रममा आबद्धता तथा लागत कट्टी सम्बन्धी व्यवस्थाः-**

(१) पोषण अनुदान कार्यक्रममा आबद्धता हुने परिवार छनौटका आधारहरू-

क) यस नगरपालिकामा स्थायी रूपमा बसोबास गर्ने स्थायी नागरिक हुनुपर्ने।

ख) विपन्न परिवारको ६ महिना देखी ५*वर्ष उमेर समुहको बाल बालिका हुनुपर्ने।

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप

ग) *लाभग्राही हुनका लागि** ६ महिनाभित्र कम्तीमा ६ पटक बच्चाको वृद्धि अनुगमन गरेको र ६ *महिना सम्मको सम्पुर्ण खोप पुरा** हुनुपर्नेछ र उल्लेखित सेवा सम्बन्धी प्रमाणीकरण स्वास्थ्य संस्थाहरूबाट जारी सेवा सम्बन्धी कागजातको आधारमा गरिनेछ।

घ) यस कार्यविधिमा अन्यत्र जे लेखिएको भएता पनि कार्यविधिले समेट्न नसकेको अति आवश्यक व्यक्तिहरू, जातिगत तथा अन्य अल्पसंख्यक समुदायलाई कार्यक्रममा समेट्न आवश्यक भएमा वडा कार्यालयको सिफारिस पत्र र दफा ४ बमोजिमको समितिको सिफारिसमा कार्यक्रममा समेट्न बाधा पर्ने छैन।

(२) पोषण अनुदान कार्यक्रममा आबद्धताको लागत कट्टी गर्ने आधार देहाय बमोजिम हुनेछनः

क) कार्यक्रममा आबद्ध भएको परिवार खैरहनी नगरपालिकाबाट अन्यत्र बसाई सरी गएमा,

ख) विपन्न नागरिक परिचय पत्र वाहक सो समूहमा नपर्ने भनि वडा कार्यालयबाट सिफारिस प्राप्त भएमा,

ग) कुनै व्यक्तिले विवरण ढाँटी पोषण स्याहार कार्यक्रममा आबद्ध भएको प्रमाणित भएमा,

घ) नेपाल सरकार वा प्रदेश सरकारको पोषण अनुदान प्राप्त गर्ने लाभग्राही भएमा,

ङ) कार्यक्रममा आबद्ध रहेको व्यक्तिको मृत्यु भएमा।

(३) उपदफा (२) बमोजिम लगत कट्टा गर्नु भन्दा पहिला दफा ५ को उपदफा (१) बमोजिमको समितिले निर्णय गरि लगत कट्टाको लागि सिफारिस गर्नु पर्नेछ।

(४) लगत कट्टा तथा अभिलेख व्यवस्थापनको काम स्वास्थ्य शाखाले गर्नेछ।

**७. पोषण अनुदान भुक्तानी प्रक्रियाः**

(१) लक्षित समूहका *पाँच** वर्ष मुनिका बालबालिकाको लागि दैनिक कम्तीमा एक अण्डा र एक गिलास (२५०मि.लि.) दूध खान सक्नेगरी दैनिक रु.४०।- को दरले हुन आउने मासिक रु १२००।– सम्बन्धित बालबालिकाको नजिकको अभिभावक, आमा भए आमा, नभए बुबा, त्यो पनि नभए बच्चाको हेरचाह गर्ने नजिकको अभिभावकको बैङ्क खातामा चौमासिक भुक्तानीको व्यवस्था मिलाइनेछ।

(२) पोषण आहार अनुदान सिफारिस समितिको आधारमा भुक्तानीको आवश्यक प्रकृया स्वास्थ्य शाखाले मिलाउनेछ।

(३) अनुदानको रकम सदुपयोग भए नभएको विषयमा वडा र आधारभूत स्वाथ्य केन्द्रले नियमित अनुगमन गर्नेछ।

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप

(४) *अनुदान वितरण गर्दा पहिलो वर्ष २ वर्ष मुनिका बालबालिकालाई अनुदान उपलब्ध गराउने र हरेक वर्ष १ वर्षको हिसाबले उमेर वृद्दि गर्दै क्रमश ५ वर्ष पुर्याउनुपर्नेछ। **

**८. व्याख्या तथा संसोधनः** यस कार्यविधिमा उल्लिखित व्यवस्था सम्बन्धमा द्विविधा उत्पन्न भएमा वा कार्यविधि  संसोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले व्याख्या तथा संसोधन गर्न सक्नेछ।

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप

## अनुसूची-१

## पोषण स्याहार अनुदान कार्यक्रममा आबद्धताको लागि निवेदन फाराम

श्रीमान् वडा अध्यक्ष ज्यू

खैरहनी नगरपालिका वार्ड नं ....

देहाय बमोजिम विवरण भरि पोषण आहार अनुदान कार्यक्रममा सहभागी हुनका लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु ।

| | |
|---|---|
| १. | व्यैक्तिक विवरण<br>बालबालिकाको नाम-                    उमेर(पुरा भएको महिनामा)-<br>लिङ्ग-<br>स्थायी ठेगाना- जिल्ला- चितवन, पालिका- खैरहनी,  वार्ड नं.-<br>जातिगत विवरण (ठीक लगाउनुहोस्) - अल्पसंख्यक/ दलित/ जनजाति/ आदिवासी/ क्षेत्री/ ब्राम्हण/अन्य(खुलाउने)- |
| २. | पारिवारिक आय- स्रोत<br>व्यापार/व्यवसाय/पेशा<br>परम्परागत कृषि<br>रोजगारी (स्वदेशी/विदेशी)<br>उद्यम<br>अनुमानित मासिक आय |
| ३ | लक्षित वर्गको विवरण<br>विपन्न<br>जातिगत तथा अन्य अल्पसंख्यक |
| ४ | संलग्न कागजातहरू (ठीक लगाउनुहोस्)<br>जन्म दर्ता<br>नजिकको अभिभावक (को हो लेख्नुहोस्)-<br>नजिकको अभिभावकको आधिकारिक परिचयपत्र न. (प्रकार र नं.) उल्लेख गर्नुहोस् |
| ५ | उपरोक्त बमोजिमको विवरण साँचो हो, झूटा ठहरे सहुँला, बुझाउँला<br>निवेदक ( नजिकको अभिभावक) को नाम-<br>ठेगाना-<br>दस्तखत                    मिति                    सम्पर्क नं. |

प्रमाणित गर्ने-

वडा अध्यक्षको नाम-                    वडा  कार्यालयको छाप

हस्ताक्षर-

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप

## अनुसूची-२
## वडा कार्यालयले नगरपालिकामा पेस गर्ने विवरणको ढाँचा

पालिका- खैरहनी                    वडा नं.-                    महिनाः-

| क्र.सं. | बालबालिकाको नाम | बालबालिकाको उमेर(पुरा भएको महिनामा)/लिङ्ग | नजिकको अभिभावकको नाम | लक्षित समुह | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रमाणित गर्ने**

नाम

पद

हस्ताक्षर

आज्ञाले

विष्णु प्र. सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

*पहिलो संसोधन २०८२ बाट संसोधित तथा थप